प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०२/०७

### १) मुख्यमुख्य क्रियाकलापहरुः-

- जेठ ६ मा कोभिड-१९ संक्रमण पुष्टि भएका रामेछापका २३ वर्षिया पुरुषको सम्पर्कमा रहेको व्यक्तिको खोजी (Contact tracing) को लागि परिचालन भएको जिल्ला अस्पताल रामेछाप र स्वास्थ्य कार्यालय रामेछापको टोलीले संक्रमितको सम्पर्कमा रहेकाको Contact tracing गरी १५ जनाको स्वाब (स्याम्पल) कलेक्सन गरी पठाएको छ जसको नतिजा आउन बाँकी छ त्यस्तै ५ वटा RDT परीक्षण गरिएकोमा सबै नेगेटिभ देखिएको छ र अन्य आवश्यक व्यवस्थापन कार्यहरु हुने क्रममा छ ।

- हिजो नै कोभिड-१९ संक्रमण पुष्टि भएका सिन्धुलीका व्यक्तिको सम्पर्कमा रहेको व्यक्तिको खोजी (Contact tracing) एवम् अन्य आवश्यक व्यवस्थापनको लागि सिन्धुली अस्पताल र स्वास्थ्य कार्यालय सिन्धुलीबाट टोली परिचालन भएको छ र निरन्तर कार्य भईरहेको ।

### २) महामारीको हालको अवस्थाः-

- नेपालमा हाल सम्ममा जम्मा ४२७ जनामा संक्रमण देखिएकोमा बागमती प्रदेशमा जम्मा २६ जनामा संक्रमण जसमा एक सुत्केरी महिलाको दुखद् मृत्यु भएको छ ।

- नेपालमा पहिलो कोरोना भाईरसको संक्रमण (कोभिड-१९) माघ ९, २०७६ मा पुष्टि भएको थियो। माघ ९ देखि चैत्र २० सम्ममा जम्मा ६ जनामा संक्रमण देखियो । सो अवधिमा संक्रमण देश बाहिरबाट नेपाल भित्रिएकाहरुमा मात्र सिमित भएको थियो तर चैत्र २२, २०७६ मा पहिलो पल्ट कोभिड-१९ को संक्रमण बाहिरबाट नेपाल भित्रिएकाको परिवारको सदस्यमा

समेत देखा पर्यो। यसरी हाल नेपालमा संक्रमण बाहिरबाट नेपालमा आउनेमा र संक्रमित व्यक्तिबाट स्थानीय तहमा झुण्ड-झुण्ड रुपमा सरेको (Sporadic cases) देखिएको छ ।

## ३) कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा प्रतिकार्य सम्बन्धि दैनिक प्रतिवेदनः-

- आज मिति २०७७।०२।०७ गते दिउँसो २ बजे सम्ममा बागमती प्रदेश अन्तर्गत COVID-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी भएका गतिविधिहरूको विवरण निम्नबमोजिम रहेको छ, आज हेटौडामा रहेको VBDRTC को प्रयोगशालामा COVID-१९ को परीक्षणको लागि प्राप्त भएको स्वाब(स्याम्पल)मध्ये सिन्धुपाल्चोकबाट प्राप्त भएको ६० वटा स्याम्पलको नतिजा नेगेटिभ आएको छ भने बाँकी परिक्षण हुने क्रममा छ । हालसम्म VBDRTC को प्रयोगशालामा COVID-१९ को परीक्षणकोलागि ९६५ वटा स्वाब(स्याम्पल) प्राप्त भएको छ ।

- यसको अतिरिक्त हालसम्म यस प्रदेशमा १७८४९ RDT बाट परीक्षण गरिएकोमा २२१ वटामा पोजिटिभ देखिएको छ । आज भएको २११८ वटा RDT परीक्षणमा काठमान्डौमा ३३, नुवाकोटमा २२, काभ्रेमा १२ र सिन्धुलीमा ७ वटा गरी कुल ७४ वटा पोजिटिभ देखिएको छ (२०७७/०२/०७ दिउँसो २ बजेसम्म)।

- नुवाकोटमा आज गरिएको ५३६ वटा RDT परीक्षणमा ककनी गाउँपालिकाको डम्पिङ साइटमा काम गर्ने कामदारमा १४ त्यस्तै त्रिशुली अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी एवम् जिल्लाका एम्बुलेन्स चालकहरुबाट ८ जनामा पोजिटिभ देखिएको हो (कुल २२) र PCR बाट परीक्षण हुन बाँकि रहेको छ ।

## ४) क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरणः-

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | संकलित नमुना (RT-PCR) | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा | नेगेटिभ | पोजिटिभ | |
| काठमाण्डौ | 799 | 0 | 0 | 224 | 0 | 5822 | 5710 | 112 | 1834 | 1827 | 7 (+3) | |
| ललितपुर | 137 | 2 | 0 | 124 | 3 | 2216 | 2206 | 10 | 1329 | 1329 | 0 (+1) | |
| भक्तपुर | 313 | 0 | 0 | 42 | 2 | 1224 | 1221 | 3 | 686 | 684 | 2 (+1) | |
| रसुवा | 283 | 2 | 3 | 35 | 0 | 192 | 192 | 0 | 3 | 3 | 0 | |
| नुवाकोट | 325 | 44 | 160 | 16 | 1 | 1180 | 1158 | 22 | 219 | 219 | 0 | |
| धादिङ | 512 | 140 | 0 | 15 | 4 | 1207 | 1195 | 12 | 59 | 58 | 1 (+2) | |
| चितवन | 300 | 19 | 0 | 302 | 12 | 1083 | 1080 | 3 | 1105 | 1103 | 2 (+1) | |
| सिन्धुली | 255 | 60 | 0 | 32 | 0 | 1240 | 1213 | 27 | 27 | 27 | 0 (+1) | |
| मकवानपुर | 218 | 0 | 0 | 35 | 17 | 826 | 821 | 5 | 284 | 284 | 0 (+2) | |
| रामेछाप | 331 | 16 | 43 | 71 | 0 | 403 | 403 | 0 | 20 | 20 | 0 (+1) | |
| दोलखा | 160 | 0 | 0 | 41 | 0 | 454 | 454 | 0 | 15 | 15 | 0 | |
| काभ्रे | 342 | 18 | 37 | 18 | 6 | 1311 | 1284 | 27 | 686 | 686 | 0 (+1) | |
| सिन्धुपाल्चोक | 506 | 55 | 102 | 35 | 0 | 691 | 691 | 0 | 255 | 255 | 0 (+1) | |
| जम्मा | **4481** | **356** | **345** | **990** | **45** | **17849** | **17628** | **221** | **6522** | **6510** | 12 (+14) | |


+ सम्बन्धित जिल्लाभन्दा अन्यत्रबाट प्राप्त विवरण अनुसार

## ५) बागमती प्रदेशमा संक्रमितहरुको विवरण (२०७७/०२/०७ गते, दिउँसो २:०० सम्मको विवरण):-

| क्र. स. | जिल्ला | कोभिड-१९ संक्रमितमध्ये | | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | | जम्मा | उपचाररत | निको भएको | |
| १ | काठमाण्डौ | १० | ७ | ३ | |
| २ | चितवन | ३ | १ | २ | |
| ३ | भक्तपुर | ३ | ३ | ० | |
| ४ | धादिङ | ३ | २ | १ | |
| ५ | मकवानपुर | २ | २ | ० | |
| ६ | काभ्रे | १ | १ | ० | |
| ७ | सिन्धुपाल्चोक | १ | ० | ० | २०७७/०२/०३ मा मृत्यु भएको पुष्टि भएको |
| ८ | ललितपुर | १ | १ | ० | |
| ९ | सिन्धुली | १ | १ | ० | |
| १० | रामेछाप | १ | १ | ० | |
| | जम्मा | २६ | १९ | ६ | १ मृत्यु |

स्रोतः HEOC (२०७७/०२/०६), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिंग (२०७७/०२/०७)

## ६) किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौडा, मकवानपुरमा हालसम्म परिक्षण गरिएका स्याम्पलको विवरणः-




VBDRTC, हेटौडामा २०७६/११/२१ देखि २०७७/०२/०१ मा परिक्षण गरिएको स्याम्पलको वर्गीकरण

हालसम्म परिक्षण भएर नतिजा आइसकेका ५२१ स्याम्पलमध्ये ६ वटा स्याम्पल पोजिटिभ देखिए पनि (अप्रिल ९, २०२० मा प्राप्त २ वटा स्याम्पल पोजिटिभ देखिएको र सोहि केसमा पुनः अप्रिल १४ मा टेस्ट गर्दा पोजिटिभ आएको) जम्मा ४ वटा केसमा परिक्षणको नतिजा पोजिटिभ देखिएको छ जसमध्ये ३ पुरुष (४४ वर्ष, ५५ वर्ष, ६० वर्ष) र १ महिला (६३ वर्ष) रहेका छन् ।

## ७) टेक्निकल अपडेटः-

### ❖ संक्रमितको निकट सम्पर्कमा रहेको व्यक्ति:

सम्भावित संक्रमित वा संक्रमण सुनिश्चित भएको व्यक्तिसँग लक्षण देखिएकोदिन भन्दा २ दिन पहिले वा लक्षण देखिएपछिका १४ दिन सम्ममा देहाय बमोजिम कुनै पनि प्रकारको सम्पर्कमा आएका व्यक्तिहरु :

१. नीजसँग १ मिटर वा सो भन्दा नजिकैको दुरीमा १५ मिनेट वा सो भन्दा बढी समय व्यतित गरेको

२. नीजसँग प्रत्यक्ष शारीरिक संसर्गमा आएको

३. व्यक्तिगत सुरक्षण सामाग्री (PPE) बीना नै निजलाई प्रत्यक्ष स्वास्थ्य स्याहार तथा हेरचाह गरेको

४. हवाइजहाजमा यात्रा गर्दा नीज बसेको सिटभन्दा दुई सिट अघि, पछि, दायाँ वा बायाँ रहेका अन्य सिटमा बसी यात्रा गरेको ।

*नोटः लक्षण नदेखिएता पनि प्रयोगशाला परिक्षणको नतिजाबाट संक्रमण पुष्टि भएको अवस्थामा, पोजिटिभ नतिजा आएको नमुना संकलन भएका मिति अघिः (स्थानीय संक्रमण पुष्टि भएको स्थानमा बसोबास भएको वा त्यस्तो स्थानको यात्रा गरी फर्किएको वा सम्भावित वा शंकास्पद वा संक्रमण निश्चित भएका व्यक्तिहरुसँग निकट सम्पर्कमा रहेको दिन देखि उक्त नमुना संकलन गरेको १४ दिन पछि सम्मको अवधिलाई सम्पर्क अवधि मान्नु पर्नेछ ।)*

## ❖ संक्रमितको निकट सम्पर्कमा रही संक्रमणको उच्च जोखिम रहेको व्यक्ति:

- सम्भावित संक्रमित, शंकास्पद संक्रमित वा संक्रमण सुनिश्चित भएको व्यक्तिसँग एकाघरमा बस्ने व्यक्तिहरु
- निजहरु बिरामी भएको अवस्थामा आवश्यक सावधानी नअपनाई स्वास्थ्य स्याहार गर्ने व्यक्तिहरु र
- गर्भवती, मधुमेहका रोगी, अन्य दीर्घ रोग भएका व्यक्तिहरु र ६० वर्ष उमेर नाघेका व्यक्तिहरु ।

## ❖ शंकास्पद संक्रमित:

ज्वरो(100.4°Fभन्दा बढी)वा खोकि वा श्वासप्रश्वासमा समस्या आएको र कोभिड १९ को स्थानीय संक्रमण पुष्टि भएको स्थानमा बसोबास भएको वा त्यस्तो स्थानको यात्रा गरी फर्किएको वा कोभिड १९ का सम्भावित वा शंकास्पद वा संक्रमण निश्चित भएका व्यक्तिहरुसँग निकट सम्पर्कमा रहेको वा अस्पतालमा भर्ना गर्न आवश्यक भएको तर कोभिड १९ संक्रमण बाहेक भर्ना हुनाको अन्य कारण पुष्टि हुन नसकेको ।

## ❖ सम्भावित संक्रमित:

कोभिड १९ का लागि नमुना परिक्षणको नतिजाको निश्कर्ष आइनसकेको वा कोभिड १९ स्क्रिनिंगबाट शंकास्पद संक्रमित भन्ने पहिचान भएको तर कोभिड १९ नै हो भन्ने यकिन भइनसकेको ।

## ❖ संक्रमण सुनिश्चित भएको:

क्लिनिकल लक्षण तथा चिन्हहरु भए वा नभएता पनि प्रयोगशालाबाट संक्रमण पुष्टि भएका व्यक्तिहरु ।

**कोभिड-१९ बाट मृत्युः**

कोभिड-१९ बाट मृत्यु भन्नाले कोभिड-१९ संक्रमण पुष्टि भएको वा सम्भाव्य केसमा मृत्युको अन्य स्पष्ट वैकल्पिक कारण (जस्तै ट्रमा) प्रमाणित नभएमा बुझिन्छ ।

## ८) आम जनसमुदायलाई अनुरोध र सुझावहरुः-

हाल विश्व महामारीको रुपमा रहेको COVID - 19 बाट बच्न आवश्यक सावधानी अपनाएर एक जिम्मेवार नागरिकको कर्तव्य निभाउनु हामी सबैको दायित्व हो तसर्थ निम्न बमोजिमका कुराहरुमा ध्यान दिऔं र संक्रमणबाट आफु पनि बचौ, अरुलाई पनि बचाऔः

| |
|---|
| बन्दाबन्दी (Lockdown)को पालना गरौं। |
| संक्रमित व्यक्तिको मुखबाट निस्कने थुकका छिटा-कणबाट यो रोग सिधा सर्दछत्यसैले आफू बच्न र अरुलाई बचाउनको लागि सामाजिक दुरी कायम गरौ। व्यक्ति व्यक्ति बिचको दुरी कम्तिमा १ मिटर वा ३ फिट कायम गरौं। यसले रोगलाई सिधा सर्नबाट बचाउद छ । |
| खोक्दा वा हाछियु गर्दा मास्क/Tissue paper/कुहिनोले नाक, मुख छोप्नेगरौं । |
| संकास्पद वा रोगीको ( खोकी लाग्ने, ज्वरो आउने, श्वास्प्रस्वासमा समस्या आउनेव्यक्तिको) सम्पर्क बाट टाढा बसौ । |
| प्रदुषित वस्तु वा सतहमा बारम्बार छोइने भएकोले नियमित रुपमा साबुन पानीले हात धुने गरौं। |
| सकेसम्म घरबाहिर वा भीडभाडमा नजाऔ । |
| हातले आँखा, नाक, मुख सकभर नछुने र छुनुपरेमा पहिला राम्रोसंग साबुन पानीले हात धुने गरौ। |
| यो रोग थुकका कण (droplets)को माध्यमले सर्ने भएकोले जथाभावी नथुकौ । |
| ढोका, चुकुल खोल्दा सकेसम्म कुहिनोवा धेरै नचलाईने हात (दाहिने चलाउनेले देब्रे र देब्रे चलाउनेले दाहिने)को प्रयोग गरौं। |
| सार्वजनिक स्थलका वस्तुहरु जस्तैः भर्याङको रेलिङ, बार आदि सकेसम्म नछुने/नसमाउनेगरौं। |
| घरमा सधै छोइरहने ठाउँ वा चीज जस्तैः ढोकाको चुकुल, ह्यान्डल, बत्तीको स्वीच, टेबल, कुर्सी, धारा, बेसिन आदि सधै डिटर्जेन्ट/साबुन प्रयोग गरेरसफा गर्नुपर्छ र सफा गरिसकेपछि राम्रोसंग साबुन पानीले हात धुनेगरौं। |
| इलेक्ट्रोनिक सामान (मोबाइल, ल्यापटप, ट्याब्लेट, मोनिटर, रिमोट, किबोर्ड आदि) अल्कोहोलभएको स्प्रेको प्रयोग गरेर नियमित रुपमा सफा गरौं। |
| मदिरापान, धुम्रपान गर्नाले शरीरको रोगसंग लड्न सक्ने क्षमतालाई असर गर्ने भएकोले मदिरापान, धुम्रपान नगरौं। |

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाब र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (COVID-१९)
डा. पुरुषोतम राज सेढाई